Downloaded From : http://cbseportal.com/

Series JBB/C

SET-4

कोड नं.
Code No. **17/C**

रोल नं.
Roll No.

परीक्षार्थी कोड को उत्तर-पुस्तिका के मुख-पृष्ठ पर अवश्य लिखें ।
Candidates must write the Code on the title page of the answer-book.

| नोट | NOTE |
|---|---|
| (I) कृपया पहिला सुनिश्चित हुनुहोस् कि यो प्रश्नपत्रमा जम्मा **7** पृष्ठहरू छन् । | (I) Please check that this question paper contains **7** printed pages. |
| (II) त्यसपछि उम्मेदवार द्वारा प्रश्नपत्रको दाहिनेपट्टि सिरानमा भएको कोड संख्या उत्तर पुस्तिकाको शीर्षकीय पृष्ठमा लेख्नुपर्नेछ । | (II) Code number given on the right hand side of the question paper should be written on the title page of the answer-book by the candidate. |
| (III) कृपया जाँच गर्नुहोस् कि यो प्रश्नपत्रमा जम्मा **9** वटा प्रश्नहरू छन् कि छैनन् । | (III) Please check that this question paper contains **9** questions. |
| (IV) कृपया हरेक प्रश्नको उत्तर लेख्नुभन्दा पहिला उत्तर पुस्तिकामा प्रश्न संख्या लेख्न नभुल्नुहोस् । | (IV) Please write down the Serial Number of the question in the answer-book before attempting it. |
| (V) यो प्रश्नपत्र पढ़नका निम्ति 15 मिनटको समय दिइएको छ । प्रश्नपत्र बिहान 10.15 बजे वितरण गरिनेछ । बिहान 10.15 बजे देखि 10.30 बजे सम्म विद्यार्थीले प्रश्न-पत्र मात्र पढ्नु पर्नेछ र त्यस अवधि भित्र उत्तर पुस्तिकामा कुनै उत्तर लेख्ने छैन । | (V) 15 minute time has been allotted to read this question paper. The question paper will be distributed at 10.15 a.m. From 10.15 a.m. to 10.30 a.m., the students will read the question paper only and will not write any answer on the answer-book during this period. |

# नेपाली

# NEPALI

*निर्धारित समय : 3 घण्टे* | *अधिकतम अंक : 80*

*Time allowed : 3 hours* | *Maximum Marks : 80*



Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

*THE QUESTION PAPER IS DIVIDED INTO FOUR SECTIONS :*

| | | |
|---|---|---|
| SECTION A : | Reading Comprehension (पढ़ाइ कौशल बोध) | 15 Marks |
| SECTION B : | Grammar (व्याकरण) | 15 Marks |
| SECTION C : | Writing & Composition (लेखाइ एवं रचना कौशल) | 25 Marks |
| SECTION D : | Literature (साहित्य) | 25 Marks |

**SECTION A : Reading Comprehension (पढ़ाइ कौशल बोध)**

**1.** (अ) तलको गद्यांश राम्ररी पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् :

शिक्षाको उद्देश्य विद्यार्थीको सर्वव्यापी व्यक्तित्वको विकास गर्नु हो । यसले सर्वगुणले सम्पन्न एउटा व्यक्ति निर्माण गर्छ । सरकारले 6 देखि 14 वर्षसम्मका बाल-बालिकाका निम्ति शिक्षा मौलिक अधिकारको रूपमा नि:शुल्क र अनिवार्य बनाएको छ । यसको उद्देश्य सबै आर्थिक एवं समाजिक स्तरका बालक – बालिकाहरूले मौलिक शिक्षा हासिल गर्ने मौका पाउनु हो । यसैलाई मध्य नजर राखेर भारत सरकारले सन् 2009 सालमा शिक्षाको अधिकार ऐन लागू गरेको छ । 'शिक्षा' भारतीय संविधानको धारा 21 ए-मा मौलिक अधिकारको रूपमा अन्तर्भुक्त भएको छ ।

विद्यार्थीहरूको चौतर्फी विकास गर्न र सर्वगुणले सम्पन्न जीवनोमुखी शिक्षा प्रदान गर्न शिक्षण पद्धति विद्यार्थीमुखी हुन अति आवश्यक छ । यसको निम्ति विद्यालयको पर्यावरण डर, तनाउ र शारीरिक प्रताडना मुक्त हुनुपर्छ । यसो गर्नाले उनीहरूले सहज, सरल र निर्भयका साथ आफू भित्र अन्तर्निहित कला-कौशलको विकास गरेर आफ्नो भविष्य निर्माण गर्ने मौका पाउनेछन् ।

(क) सर्वगुणले सम्पन्न भनेको के हो ? (सही उत्तर चुन्नुहोस्) *1*

(i) किताबको राम्रो ज्ञान भएको ।

(ii) खेलकूदमा निपुण ।

(iii) पढ्नमा सिपालु ।

(iv) सबै गुणले निपुण ।

(ख) शिक्षाको अधिकार भारतीय संविधानको धारा ____________ मा मौलिक अधिकारको रूपमा अन्तर्भुक्त छ । *1*

(i) 18 ए

(ii) 21 ए

(iii) 12 ए

(iv) 25 ए



Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

(ग) भारतमा कहिलेदेखि शिक्षाको अधिकार ऐन लागू भयो ? यो संविधानको कुन धारामा अन्तर्भुक्त भएको छ ? *2*

(घ) सरकारले 6 देखि 14 वर्षसम्मका बाल-बालिकाका निम्ति शिक्षा नि:शुल्क र अनिवार्य बनाउनुको उद्देश्य के हो ? *2*

(ङ) विद्यालयको पर्यावरण डर, तनाउ र शारीरिक प्रताडना मुक्त भए के हुन्छ ? *2*

(च) 'मौलिक' र 'सरल' शब्दलाई वाक्यमा प्रयोग गर्नुहोस् । *2*

(आ) तलको कविता राम्ररी पढ़ेर सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् :

**मेरो देश मभित्र**

अखण्ड भई तिमी मौलाइरहनू
फुल्दै-फल्दै अघि बढ़िरहनू
शब्दहरूको सलाम आमा, तिमीलाई
शुभेच्छाहरूको धरै उपहार तिमीलाई ।

टाँसेर आँखामा भारत आमा,
काराकोरमदेखि कन्याकुमारीसम्म
खिलेर अन्तरमनमा,
अरुणाचलदेखि गुजरातसम्म
हृदयको हरेक ढुक्ढुकीमा
अगाध माया जुगजुगसम्म ।

शरीरको हरेक नसा-नसामा
गङ्गा-जमुना सधैं बहिरहन्छ
काश्मीरमा तिमी आहत हुँदा
मर्माहत मुटु मेरो दुखिरहन्छ
वर्ग-वर्ण र धर्मको मतभेदमा
छाती मेरो धेरै चह्राइरहन्छ ।

(क) यस कवितामा कविले **'तिमीलाई'** भनेर कसलाई सम्झेका छन् ? *1*

(ख) कविले अन्तरमनमा कुन ठाउँ लाई खिलेका छन् ? *1*

(ग) कहाँ के हुँदा कविको मुटु दुख्छ ? *1*

(घ) किन कविको छाती चह्राइरहन्छ ? *2*


Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

## SECTION B : Grammar (व्याकरण)

**2.** तलका दिइएका सबै प्रश्नका उत्तर लेख्नुहोस् :

(क) विपरीत अर्थ लेख्नुहोस् : (**कुनै दुइ**) *1*

विष, आदि, बेइज्जत ।

(ख) सार शब्द लेख्नुहोस् : *1*

जसको उपमा छैन –

तीन नदीहरूको संगम –

(ग) तल दिइएका उखान र तुक्का पूरा गरेर लेख्नुहोस् : *1*

(i) ताक परे तालुमा _________ फल्छ ।

(ii) _________ पखेटा हुन्छ ।

(घ) (i) **'लाम्खुट्टे'** शब्द कुन समास हो ? *1*

(ii) समास विग्रह गर्नुहोस् (कुनै ***एक***) : *1*

राजभवन, दिदी-बहिनी ।

(ङ) निर्देशन अनुसार वाक्य परिवर्तन गरेर लेख्नुहोस् :

(i) दाज्यू "म शिक्षक हुन्छु" भन्छन् । (उक्ति परिवर्तन गर्नुहोस्) *1*

(ii) उ घर जान्छ । (अर्थ परिवर्तन नगरी अकरण बनाउनुहोस्) *1*

(iii) त्यो गरीब मानिस ईमान्दार छ । (संयुक्त वाक्यमा परिणत गर्नुहोस्) *1*

(च) निम्न वाक्यका क्रिया शब्द सुधारेर लेख्नुहोस् : *1*

दिदीले खाना खायो । कुकुर भुक्नुभयो ।

(छ) 'मा' कुन कारकको चिन्ह हो ? 'मा' चिन्ह प्रयोग गरेर एउटा सरल वाक्य बनाउनुहोस् । *2*

(ज) तल दिइएका शब्दहरूका दुइ-दुइवटा पर्यायवाची शब्द लेख्नुहोस : (**कुनै दुइ**) *2*

इच्छा, कोमल, भगवान ।

(झ) अनेकार्थक शब्द र भिन्नार्थक शब्दमा के फरक छ ? उदाहरण सहित लेख्नुहोस् । *2*



Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

## SECTION C : Writing & Composition (लेखाइ एवं रचना कौशल)

**3.** कुनै ***एक*** विषयमाथि लगभग 250 शब्दसम्मको निबन्ध लेख्नुहोस् : *12*

(क) नागरिकता संशोधन ऐन

(ख) स्वच्छता अभियान

(ग) नारी शिक्षाको महत्व

**4.** विद्यालयको छात्रावासमा बस्ने भाइलाई राम्रो पढ्ने सुझाउ दिँदै एउटा पत्र लेख्नुहोस् । *8*

**5.** नेपालीमा अनुवाद गर्नुहोस् । *5*

(i) Father and mother went to market.

(ii) They are going to school.

(iii) She will go tomorrow.

(iv) I am playing chess.

(v) Unity in Diversity.

## SECTION D : Literature (साहित्य)

**6.** पाठको आधारमा सही उत्तर चुनेर लेख्नुहोस् :

(क) डाक्टर नानोले स्थापित गरेको विशाल वैज्ञानिक प्रयोगशालाको नाम ________ हो । *1*

(i) मानव प्रजनन् कोशिका विकास केन्द्र

(ii) सूक्ष्म रोबर्ट विकाश केन्द्र

(iii) एम्ब्रोयो विकास केन्द्र

(iv) भ्रूण विकास केन्द्र

(ख) "दानव, दुष्ट, दुर्जन सोझाहरूकै भोलापनको ग्याँसबाट उत्पन्न भएको ________ हो ।" *1*

(i) विस्फोट

(ii) पानी

(iii) आगो

(iv) धूवाँ

(ग) **'मन'** एकाङ्कीको अन्तमा भानुराज र सुलोचनाको मनले कस्तो मृत्यु चाहेको छ ? *1*


Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

(घ) एकली साहिँलीले सपनामा किन आफ्नो बाबुलाई महापापी भनी ? *1*

(ङ) **'मेरो घरमा एकछिन नबस् जहाँ जान्छेस् जा'**

उक्त गद्यांशमा कसलाई चुल्ठो समातेर बाहिर निकालियो ? किन ? *2*

(च) डॉ. नानोले प्रयोगशालामा के-के निर्माण गरेका थिए ? कुनै दुइवटा लेख्नुहोस् ? *2*

**7.** कविताबाट सोधिएका प्रश्नका उत्तर लेख्नुहोस् :

(क) के दोषी भए माता-पिता, गुरुजनको अर्ति उपदेश पनि दोषी नै देखिन्छ भनिएको हो ? *1*

(ख) **'यात्री'** कवितामा कविले कसको सेवा गरेर ईश्वरलाई हँसाउन सकिन्छ भनेका छन् ? *1*

(ग) **"कानूनको जिम्मा रूपियाँलाई ।"**

उक्त पद्यांशद्वारा कवि राजेन्द्र भण्डारीजे के भन्न चाहेका हुन् ? *1*

(घ) **'छोरालाई'** कवितामा कविले मानिसलाई कस्तो बन्ने आह्वान गरेका छन् ? (सही उत्तर चुनेर लेख्नुहोस्) *1*

(i) जगको तिख्र काँडा जस्तो बन्ने ।

(ii) फूल जस्तो ।

(iii) अमृतको कण जस्तो बन्ने ।

(iv) लाटो-दुब्लो अस्तित्व बन्ने ।

(ङ) **यात्री** कवितामा कविले मन्दिरको खम्बा, दीवार, छानो र ढोकालाई मानिसको कुन-कुन अङ्गसँग तुलना गरेका छन् ? *2*

(च) **'पृथ्वीका रत्न'** भनेर कसलाई संकेत गरिएको हो ? किन ? *2*

**8.** निम्न प्रश्नका एकै वाक्यमा छोटा उत्तर लेख्नुहोस् :

(क) कमलको मनमा आफ्नै दाज्यूप्रति किन विद्रोहको आगो सल्किएको थियो ? *1*

(ख) सिरीधुराको चुर्से साहुको स्वभाव कस्तो थियो ? *1*

(ग) रने परिबन्दमा फँस्नुको कुनै एउटा कारण लेख्नुहोस् । *1*

(घ) हवल्दारकी पत्नी कहाँ गएकी रहिछ ? *1*

(ङ) मोतीकी आमाको नाम के थियो ? *1*


Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE

Downloaded From : http://cbseportal.com/

**9.** निम्न प्रश्नका छोटा उत्तर लेख्नुहोस् :

(क) 'आख्यानका कुरा' कसले लेखेका हुन् ? *1*

(ख) तुलसीबहादुर छेत्री र अन्य तीन साहित्यकार मिलेर कुन साहित्यिक संस्था खोलेका थिए ? *1*

(ग) मनबहादुर मुखियाको जन्म कहाँ भएको थियो । *1*

(घ) शिवकुमार राईका कुनै दुइ कृतिको नाम लेख्नुहोस् । *1*



Downloaded From : http://cbseportal.com/ Courtesy : CBSE